दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक १८१ | बुटवल | २०८१ असार १४, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday Jun.28, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**चट्याङबाट बच्ने उपाय:**
-बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
-विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
-विद्युतीय उपकरण बन्द गरौं,
-कानूनी शासन सुनिश्चित गरौं,
-घर तथा भवनमा अर्थिङ्ग लगायतका सुरक्षात्मक उपाय अपनाऔं ।
-बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं ।
-सकेसम्म घरभित्रै झ्याल ढोका बन्द गरेर सुख्खा ठाउँमा बसौं,
-सकभर अग्लो स्थानमा नबसौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

### एसईईमा रूपन्देहीको नतिजा

# बिगतका वर्षहरूभन्दा खस्किए धेरै विद्यालय

**लुम्बिनी संवाददाता**
*बुटवल*

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा सार्वजनिक गरेको छ। परीक्षामा सहभागी भएका कुल विद्यार्थीमध्ये ४७.८६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । नतिजाअनुसार १८६ जनाले ४ जीपीए ल्याएका छन् । परीक्षा नियन्त्रक नन्दलाल पौडेलका अनुसार परीक्षामा सहभागी भएका चार लाख ६४ हजार सात सय ८५ जनामध्ये ४७ दशमलव ८६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

नियमिततर्फ दुई लाख ४२ हजार ९२ जना विद्यार्थी उत्तीर्ण भएका छन् । उत्तीर्ण भएकामध्ये एक सय ८६ जनाले ४ जीपीए ल्याएका छन् । परीक्षामा सहभागी भएकामध्ये ५२ दशमलव १४ प्रतिशत परीक्षार्थीले ननग्रेड (एनजी) ल्याएका छन् । उनीहरूले पुनः ग्रेड वृद्धि परीक्षामा सहभागी हुनुपर्नेछ। दुई सय २१ जनाको परीक्षा रद्द भएको थियो। परीक्षा नियन्त्रक नन्दलाल पौडेलले यस वर्ष लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक गरेको जानकारी दिएका छन् ।

**यस्तो छ रूपन्देहीका विद्यालयहरूको नतिजा**

शिक्षाको हरेक कोणबाट राजधानी नै मानिने रूपन्देही तथा बुटवल क्षेत्रभित्र रहेका विद्यालयहरूको नतिजा यो पटक भने त्यति सन्तोषजनक देखिएको छैन। करिब ५२ प्रतिशत विद्यार्थीहरू ननग्रेड (एनजी)मा पर्दा रूपन्देहीका विद्यालयहरूलाई यसको असर भने परेको छ।

देशभर १८६ जनाले ४ जीपीए ल्याएकामध्ये बुटवल क्षेत्रका विद्यालयहरूका २ विद्यालयका २ जनाले जीपीए ४ ल्याएका छन् । बुटवलको न्यू होराइजन स्कुल र रामापुर माविका १/१ जना विद्यार्थीहरूले मात्रै ४ जीपीए ल्याएको विद्यालयले जनाएका छन् ।

संथागत क्षेत्रकै ठूलो विद्यालय न्यू होराइजन स्कुलबाट ३३९ जना एसईईको परीक्षामा सहभागी भएकोमा एक जनाको ४ जीपीए आएको विद्यालयका प्रिन्सिपल लोकनाथ उपाध्यायले बताए। उनले गत वर्षको तुलनामा यस वर्ष एसईईको नतिजा दोब्बर राम्रो सुधार आई ९८ प्रतिशत ग्रेडसहित विद्यार्थी उत्तीर्ण भएको दाबी गरे ।

जिल्लामै सबैभन्दा धेरै विद्यार्थीहरू रहेको सामुदायिक विद्यालय कालिका मानवज्ञान माविमा एसईईमा सहभागी ६७५ जना विद्यार्थीमध्यबाट ८७ प्रतिशत उत्तीर्ण भएका छन् । विद्यालयमा ३.९६ जीपीए ल्याउने विद्यार्थी संख्या ५ रहेको विद्यालयका प्रधानाध्यापक दिनेश थापाले जानकारी दिए। उनले ३.६ भन्दा माथि ल्याउने १६६ जना रहेका छन् भने ३.२ देखी ३.६ जीपीए ल्याउने २१२ जना तथा २.८ देखि ३.२ जीपीए ल्याउने १३८ जना रहेको बताए। उनले देशभरमै नतिजा बिग्रेको अवस्थामा यहाँका विद्यालयहरूले सोँचेजस्तो नतिजा ल्याउन नसकेको उल्लेख गरे ।


रुपन्देहीबाट ४ जीपीए ल्याउने रामापुर माविका कृतिम भट्टराई र न्यू होराइजनका प्रवेश खनाल

यस्तै नविन औद्योगिक कदरबहादुर रीता मावि देवीनगरमा एसईईमा सहभागी २३१ विद्यार्थीमध्येबाट ७४ प्रतिशत विद्यार्थी पास भएका छन्। यहाँ सबैभन्दा धेरै तिर्थबहादुर खत्रीले ३.८२ जीपीए ल्याएका छन् । यस्तै ३.६ भन्दा माथि ल्याउने २० जना, ३.२ देखि ३.६ जीपीए ल्याउने ५८ जना, २.८ जीपीएदेखि ३.२ जीपीए ल्याउने ६८ जना तथा २.४ देखि २.८ जीपीए ल्याउने २५ जना रहेको उनले जनाए। उनले विज्ञान विषयको प्रश्नपत्रको कारणले नतिजा खराब आएको जानकारी दिए।

यस्तै कान्ति मावि बुटवलबाट एसईईमा सहभागी ४८८ जना विद्यार्थीहरूमध्ये ८२ प्रतिशत पास भएको विद्यालयका प्रध्यानाध्यापक गोविन्द ज्ञवालीले जानकारी दिए। उनका अनुसार सबैभन्दा धेरै ३.९६ जीपीए ल्याउने आयुसी खनाल रहेकी छन् भने ३.९ भन्दा माथि ल्याउने ५० जना रहेका छन् ।

तिलोत्तमामा रहेको शान्ति नमूना माविबाट एसईईमा सहभागी ५६५ जना विद्यार्थीहरूबाट ७३ प्रतिशत उत्तीर्ण भएको विद्यालयका प्रध्यानाध्यापक कुलप्रसाद लामिछानेले जानकारी दिए । विद्यालयमा सबैभन्दा धेरै ३.८७ जीपीए ल्याउने युनिक भूर्तेल रहेका छन् ।

यस्तै स्कलर्स होममा सहभागी ७१ जनामध्येबाट ८८ प्रतिशत उत्तीर्ण भएको विद्यालयले जनाएको छ । विद्यालयमा सबैभन्दा धेरै ३.७५ जीपीए ल्याउने सीमीयन पछाई रहेका छन् ।

अक्सफोर्ड माविबाट एसईईमा सहभागी १४७ जना विद्यार्थीहरूबाट सबैभन्दा धेरै ३.९५ जीपीए विश्या पाण्डेले ल्याएको विद्यालयका प्रध्यानाध्यापक दिनेश भुसालले जानकारी दिए। उनले ३.६ भन्दा माथि ल्याउने ३६ जना तथा ३.२ देखि ३.६ जीपीए ल्याउने ६० जना रहेको उनले जानकारी दिए । कोरोनाकालयता पटक-पटक सरकारले नीति परिवर्तन गर्दा राम्रो नतिजा आउन नसकेको उनको गुनासो रहेको छ।

यता दीप बोर्डिङ्बाट एसईईमा सहभागी १४० जना विद्यार्थीहरू सहभागी भएकोमा सबैभन्दा धेरै ३.९ जीपीए ल्याउने सुयोग श्रेष्ठ रहेको विद्यालयका प्रध्यानाध्यापक टिकाराम न्यौपानेले जानकारी दिए। उनले ए प्लस ल्याउने ३४ जना, ए ल्याउने ६२ जना, बी प्लस ल्याउने २८ जना रहेको बताए।

पामिर एकेडेमीबाट एसईईमा सहभागी २३ विद्यार्थीहरूबाट सतप्रतिशत उत्तीर्ण भएका छन् । विद्यालयका प्रध्यानाध्यापक गोपाल गौतमका अनुसार सबैभन्दा धेरै ३.९१ जीपीए ल्यानउे एलिन पाण्डेय रहेका छन् ।

प्यारामाउन्टबाट एसईईमा सहभागी १३० जना विद्यार्थीहरूबाट ए प्लस ल्याउने ३० जना तथा ए ग्रेड ल्याउने ४० जना रहेको र अन्य नतिजा पनि राम्रो आएको विद्यालयका प्राचार्य लिलाधर किराँतले जानकारी दिए।

क्यानन माविबाट एसईईमा सहभागी ७६ जना विद्यार्थीहरूबाट ८२ प्रतिशत उत्तीर्ण भएका छन् । विद्यालयका प्रधानाध्यापक शंकर भण्डारीका अनुसार सबैभन्दा धेरै ३.८७ जीपीए ल्याउने साहारा हितांगी रहेकी छन् । यस्तै ३.६ भन्दा माथि ल्याउने ७ जना, ३.२ देखि ३.६ ल्याउने २६ जना तथा २.८ देखि ३.२ ल्याउने १७ जना रहेको उनले जानकारी दिए।

एभरेष्ट माविबाट एसईईमा सहभागी १५७ जना विद्यार्थीहरूबाट सबैभन्दा धेरै ३.९६ जीपीए ल्याउने विवेककुमार पन्थी रहेको विद्यालयका प्रधानाध्यापक कृष्ण न्यौपानेले जानकारी दिए। उनले ३.६ भन्दा माथि ल्याउने ३१ जना रहेको जानकारी दिए।

तिनाउ बोडिङ्बाट एसईईमा सहभागी ५६ जना विद्यार्थीहरूबाट ९२ प्रतिशत उत्तीर्ण भएका छन् । विद्यालयका प्राचार्य यज्ञमूर्ति पाण्डेयका अनुसार विद्यालयमा सबैभन्दा धेरै ३.८५ जीपीए ल्याउने प्रतिक पौडेल र सनम सारू रहेका छन्। यस्तै ३.६ भन्दा माथि ल्याउने ७ जना तथा ३.२ देखि ३.६ जीपीए ल्याउने १७ जना रहेका छन्।

यस्तै देवदह शीतलनगरमा रहेको सगरमाथा आवासीय माविमा एसईईमा सहभागी ८९ जना विद्यार्थीमा ९३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद पौडेलले जानकारी दिए। उनका अनुसार ३.६ भन्दा माथि ल्याउने १० जना र ३.२ देखि ३.६ जीपीए ल्याउने ३७ जना रहेको बताए।

» *बाँकी ३ पेजमा*

## पाल्पामा दुई जना विद्यार्थीले ल्याए ४ जीपीए ।


जेभिटी तानसेनका उत्सव ढुङ्गाना र दराई ठाटी रामपुरकी पूर्णिमा लक्ष्मी कुवँर ।

**कृष्ण पोखरेल**
*पाल्पा*

पाल्पाबाट यस वर्षको एसईई नतिजामा एक छात्र र एक छात्राले ४ जीपीए अंक प्राप्त गरेका छन् । जनता माध्यमिक विद्यालय(जेभेटी) तानसेनका उत्सव ढुङ्गाना र रामपुर नगरपालिकाको दराई ठाटी माध्यमिक विद्यालय रामपुरकी पूर्णिमा लक्ष्मी कुवँरले ४ जीपीए ल्याई जिल्ला प्रथम भएका छन् । जेभिटीबाट ढुङ्गानासहित १२ जना ए प्लससहित ६५ जना विद्यार्थीहरु उत्तीर्ण भएका छन् । यसैगरी दराईठाटी माध्यमिक विद्यालयबाट कुवँरसहित ८ जनाले ए प्लससहित २८ जना उत्तीर्ण भएका छन्। जेभिटी र दराई ठाटी दुबै विद्यालय सामुदायिक विद्यालय हुन् ।

पाल्पाबाट ४ जीपीए ल्याउनेमा २ जना, ३.६१ देखि ४ जीपीए अर्थात् ए प्लस ल्याउनेमा १०५ जना, ३.२१ देखि ३.६० जीपीए अर्थात् ए ल्याउने विद्यार्थी २८२ जना, २.८१ देखि ३.२० अर्थात् बी प्लस ल्याउनेमा ४३७ जना, २.४१ देखि २.८० सम्म अर्थात् बी ल्याउनेमा २८१ जना र २.०० देखि २.४० जीपीए अर्थात् सि प्लस ल्याउनेहरुमा १२ जना रहेको शिक्षा विकास तथा समन्वय इकाइ पाल्पाका प्रमुख महेन्द्र सुवेदीले बताए । पाल्पाबाट नियमित रुपमा ४०१० र ग्रेज वृद्धितर्फ १७२ गरी ४ हजार १ सय ८२ जना विद्यार्थीहरु परीक्षामा सहभागी भएका थिए। जसमा नियमिततर्फ १ हजार १ सय १७ जना उत्तीर्ण भएका छन् भने नन ग्रेडिङ्गमा २ हजार ६ सय १० जना परेका छन् । यस वर्षको एसईई नतिजामा पाल्पाबाट २७.८५ प्रतिशत मात्र विद्यार्थीहरु उत्तीर्ण भएका छन्। पाल्पाबाट ११८ वटा सामुदायिक र १९ वटा निजी विद्यालय गरी १३८ वटा विद्यालयबाट विद्यार्थीहरु एसईई परीक्षामा सहभागी भएका छन् ।

## नेपालीले भारतमा अब क्यूआरमार्फत् भुक्तानी गर्न सक्ने




बुटवल । नेपालीले अब भारत र भुटानमा गएर क्यूआरमार्फत् मासिक १ लाख भारतीय रुपैयाँसम्मको वस्तु तथा सेवा खरिदको भुक्तानी गर्न सक्ने भएका छन् ।

बिहीबार नेपाल राष्ट्र बैंक विदेशी विनियम व्यवस्थापन विभागले विदेशी विनिमय कारोबार गर्ने संस्थालाई जारी गरेको एकीकृत निर्देशिकामा संशोधन गर्दै यस्तो व्यवस्था गरेको हो ।

राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागले क्यूआरलगायत विद्युतीय माध्यमबाट विदेशी मुद्रामा हुने अन्तरदेशीय रिटेल पेमेन्ट अन्तर्गतको मर्चेन्ट पमेन्टको भुक्तानी प्राप्ति र भुक्तानी जारी गर्न सक्ने व्यवस्था गरेको छ ।

भुक्तानी प्रणाली विभागले भुक्तानी जारी गर्न सक्ने र विदेशी विनिमय व्यवस्थापन विभागले भारतमा क्यूआर र विद्युतीय माध्यमबाट नेपालीले गर्ने कारोबारको सीमा तोकेको छ। यससँगै अब नेपालीले पनि भारतमा क्यूआर मार्फत भुक्तानी गर्न पाउने छन् ।

भारतीय रुपैयाँको सटही सुविधा क्यूआर कोड र विद्युतीय माध्यमबाट भारत र भुटानमा भुक्तानी हुने गरी समेत उपलब्ध गराउने सक्ने व्यवस्था केन्द्रीय बैंकले गरेको हो ।

यसरी सटही सुविधा उपलब्ध गराउँदा राष्ट्रिय भुक्तानी स्वीच पूर्णरूपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको रिटेल पमेन्ट स्विचको माध्यमबाट प्रदान गर्नुपर्ने निर्देशनमा उल्लेख छ ।

यस्तो भुक्तानी अहिले डेबिट, क्रेडिट र प्रिपेड कार्ड लगायतका इलेक्ट्रोनिक कार्डमा मात्रै रहेकोमा अब क्यूआर कोड र अन्य विद्युतीय कारोबारमा समेत पाइने भएको हो ।

हाल कार्डमार्फत् वस्तु तथा सेवा खरिद गर्दा गरिने भुक्तानीको हकमा एकै पटक वा पटक-पटक गरी मासिक भारतीय रुपैयाँ १ लाखसम्म मात्र भुक्तानी गर्न सकिनेछ।

अब क्यूआर र विद्युतीय भुक्तानी समेत सोही सीमा लागु हुने छ। कार्डबाट हुने भुक्तानी जस्तै क्यूआर र विद्युतीय माध्यमबाट पनि होटल, हस्पिटल (हस्पिटल र रिसर्च सेन्टरलगायत समेत) र औषधि पसलमा गरिने भुक्तानीको हकमा उक्त सीमा लागू हुने छैन ।

अहिलेसम्म दुई देशका भुक्तानी प्रणाली सञ्चालकबीच भएको दुई पक्षीय सम्झौताको आधारमा ‘फोन पे’ ले भारतीय नागरिकले नेपालमा क्यूआर र विद्युतीय माध्यमबाट भुक्तानी गर्न सक्ने व्यवस्था गरेको थियो ।

अब भने राष्ट्र बैंकले तोकेको ५ वटा सर्त पूरा गर्नु पर्ने भएको छ। राष्ट्रिय भुक्तानी स्विच पूर्णरूपमा सञ्चालनमा नआउँदासम्म सोहीअन्तर्गतको रिटेल पमेन्ट स्वीचमार्फत् भुक्तानी गर्न सकिने छ।



दैनिक लुम्बिनी

सम्पादकीय

# एसईई नतिजाले दिएको सन्देश

परीक्षा नियन्त्रण कार्यालयले माध्यमिक शिक्षा परीक्षा एसईईको नतिजा प्रकाशित गरेको छ । परीक्षामा ४ लाख ६४ हजार ७८५ सहभागी भएकामध्ये ४७ दशमलव ८७ प्रतिशत पास भए । परीक्षामा सहभागी ५२ दशमलव ४२ प्रतिशत फेल भए ।

राज्य, निजी क्षेत्र र समुदायको लगानी र मिहिनेत जति भएको छ, त्योअनुसार नतिजा नआएको देखिन्छ । लगानीका हिसाबले राज्यले पछिल्ला वर्षमा शिक्षालाई प्राथमिकतामा राखेको छ । मुलुक संघीयतामा गइसकेपछि तहगत सरकारको संयोजनामा पूर्वाधारमा लगानी बढेको छ । सुविधासम्पन्न प्रयोगशाला, कक्षा कोठा र पुस्तकालय बनेका छन् । विद्यालयमा शैक्षिक वातावरण तयार भएको छ । यो हिसाबले हेर्दा नतिजामा सुधार आउनुपर्ने हो । तर पूर्वाधारमा जति लगानी भयो, त्यसअनुसार नतिजा आउन सकेन् । मानव संशाधनमा पनि लगानी पर्याप्त भएको छ । पहिले विषयगत शिक्षक पाउन कठिन थियो । अहिले विषयगत शिक्षक पाउन संभव छ । शिक्षा सेवा आयोगले नियमित शिक्षकको भर्ना र तहवृद्धि गर्दै आएको छ । यसले शैक्षिक गुणस्तर बढाउन पक्कै सहयोग गर्नुपर्ने हो । लगानीअनुसार नतिजा नआउँदा निराश नभई सुधारको प्रयास महत्वपूर्ण हो ।

विद्यार्थीले पढ्ने र शिक्षकले इमान्दारीपूर्वक पढाउने मात्रैले पनि नतिजा सुधार हुने होइन्, अहिले भइरहेको उत्तरपुस्तिका जाँच प्रणालीलाई सुधार गर्नुपर्छ । शिक्षकले उत्तरपुस्तिका जाँच गर्दा समयसीमाका कारण हतारमा जाँच्ने प्रवृत्तिलाई न्यूनीकरण गर्न प्राथमिकता दिनुपर्छ ।

समुदायमा छोराछोरी पढाउनुपर्छ भन्ने भावनाको विकास भएको छ । नेपालमा कक्षा १० को जाँच लिने व्यवस्थित प्रणालीको विकास भएयता शिक्षा क्षेत्रमा धेरै प्रगति भएको छ । दुःखका अनेक भारी बोकेर छोराछोरीलाई राम्रो विद्यालयमा पढाउनुपर्छ, उनीहरुको पढाइ नै महत्वपूर्ण हो भन्ने अभिभावकको चेतनाको विकास हुनु निकै महत्वपूर्ण छ, तर जुन ढंगले चेतनास्तर बढ्यो, लगानी भयो, त्यसअनुसार नतिजा आउन सकेको छैन । नतिजा किन आएन ? यो प्रश्नको उत्तर खोजेर सुधारका प्रयास नगर्ने हो भने अझैं खस्कने जोखिम छ ।

कम्तिमा ७० प्रतिशतभन्दा माथि उत्तीर्ण हुने अवस्था अहिले तयार हुनुपर्छ । लगानीअनुसार प्रतिफलको अपेक्षा गरेर मात्रै हुँदैन, त्यसअनुसार कमजोरी पहिचान महत्वपूर्ण हो । समयअनुसार विद्यार्थीमैत्री वातावरणको खोजी हुनुपर्छ । कम्तिमा राज्यले नमूनाका रुपमा केही जिल्लालाई आधार बनाएर सर्वेक्षण गरी नतिजा सुधारको योजना अघि सार्न सक्छ ।

# सधैँ प्राथमिकतामा पर्ने कृषि क्षेत्रको बजेट चाहिँ किन कम ?



डा.तिलकचन्द्र भट्टराई





चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादन करिब ५७ खर्ब ५ अर्ब रुपैयाँ बराबरको हुने अनुमान गरिएको छ । यो अवस्थामा सरकारको तर्फबाट कुल खर्च १८ खर्ब ६० अर्ब ३० करोड रूपैयाँको संघीय बजेट संसदमा पेस गरिएको छ ।

बजेटका पाँच उद्देश्यहरूमा उत्पादन तथा उत्पादकत्व र रोजगारी सिर्जना गर्ने कुरा पहिलो नम्बरमा राखिएको छ ।

बजेटका पाँचवटा प्राथमिकतामा कृषिलगायत ऊर्जा, सूचना प्रविधि, पर्यटन, औद्योगिक विकास र पूर्वाधार दोस्रो नम्बरमा राखिएको छ ।

त्यसैगरी, पाँच रूपान्तरणकारी क्षेत्रमा कृषि रूपान्तरणलाई पहिलो नम्बरमा राखिएको छ ।

यसरी विगतका वर्षहरूमा जस्तै कृषिलाई बजेटको उद्देश्य र प्राथमिकताका आधारमा बढी जोड दिइएको भनिएको छ । प्रमुख राजनीतिक दलहरू, सम्बद्ध निकायहरू तथा राष्ट्रिय योजना आयोगले पनि नेपालको समग्र विकास गर्न कृषि विकास पहिलो प्राथमिकता हुनुपर्छ भन्दै आएका छन् । नेपालको इतिहासमा दोस्रो आवधिक योजना निर्माणदेखि हाल सोह्रौं योजना निर्माणसम्म पुग्दा कृषिलाई प्रमुख प्राथमिकतामा राखिएको पाइन्छ ।

यति हुँदाहुँदै पनि समग्र कृषिको उत्पादकत्व केही सीमित उत्पादनबाहेक अन्यमा वृद्धि हुन सकेको छैन । पछिल्लो समय जनसंख्या वृद्धिदर न्यून छ र ठूलो मात्रामा युवाहरू वैदेशिक रोजगारीमा गहिरहेका छन् । कृषिजन्य उत्पादनको खपत तुलनात्मक रूपमा कम हुने अवस्थामा समेत प्रत्येक वर्ष जस्तो आयात बढिरहेको छ । विगत सात वर्षको तथ्यांक हेर्दा कृषिजन्य उत्पादनको आयात दोब्बरभन्दा बढी भएको छ । हाल कुल आयात करिब तीन खर्ब ७९ अर्ब रूपैयाँ बराबरको पुगेको देखिन्छ ।

यो लेखमा कृषिलाई प्राथमिकतामा राखिएको भनाइ पुष्टि हुने गरी बजेट विनियोजन गरिएको छ कि छैन तथा किसान र कृषि व्यवसायीका समस्या समाधान गर्ने गरी बजेटमा कार्यक्रम तथा नीतिहरू छन् कि छैनन् भन्नेबारे संक्षिप्तमा विश्लेषण गर्ने जमर्को गरेको छु ।

**समग्र कृषिको आशातीत विकास किन हुन सकेन ?**

नेपालको परम्परागत कृषि प्रणालीलाई हामी निर्वाहमुखी भन्छौं । विकसित कृषिका रूपमा विकास गर्न त्यसका आधारभूत विषयवस्तुमा ध्यान दिँदै त्यसमै टेकेर अनुसन्धान गर्दै नयाँ प्रविधि विकास गर्नुपर्ने थियो । तर भूमण्डलीकरणको प्रभावमा रहेर हामीले नेपालको माटो र अवस्था नबुझ्केका विदेशी विज्ञको नेतृत्व तथा आर्थिक सहयोगमा राष्ट्रिय कृषि नीति बनायौं। 'एग्रिकल्चर प्रस्पेक्टिभ प्लान', कृषि विकास रणनीति जस्ता दीर्घकालीन नीति बनाएर कार्यान्वयनमा लग्यौं ।

विभिन्न अध्ययन, विश्लेषण र प्रभावकारिता हेर्दा, यी दुबै नीतिबाट आशातीत सफलता प्राप्त हुन सकेन ।

उपयुक्त नतिजा प्राप्त गर्न नसक्नुका प्रमुख कारणहरू; नेपालको आधारभूत कृषि बुझ्न नसक्नु, कार्यक्रम अनुसार अत्यन्त कम बजेट वितरण गर्नु, जग्गाको चाक्लाबन्दी, रासायनिक मल र कीटनाशक औषधीको तुलनात्मक रूपमा अधिक प्रयोग, स्थानीय बिउको सट्टा अन्यत्र विकास गरिएका हाइब्रिड बीउ प्रयोग, प्रतिस्पर्धा गर्नुपर्ने दुई छिमेकी मुलुकमा दिइएको सरह सहुलियत तथा अनुदान नहुनु, विदेशबाट निर्वाध रूपमा कृषिजन्य वस्तु भित्रिनु, पोषणयुक्त रैथाने बालीमा अनुसन्धान तथा विकासका कार्यक्रमहरू सञ्चालन नगरिनु, नेपाली विशेषता भएका प्रमुख केही वस्तु ब्रान्डिङ गरी विदेश निर्यात गर्ने योजना तथा कार्यक्रम नहुनु लगायत हुन् ।

अत्यन्त सीमित मात्रामा भएका कृषि उद्योग, कृषिमा आधारित प्रशोधन उद्योग तथा कृषिलाई आवश्यक पर्ने वस्तु उत्पादन गर्ने उद्योगलाई राज्यको तर्फबाट संरक्षण नगरिनु जस्ता समस्या पनि छन् ।

**कृषिमा बजेटको अवस्था के छ ?**

कृषि क्षेत्रले कुल ग्रार्हस्थ्य उत्पादनको करिब २५.८ प्रतिशत योगदान गरेको छ । तर विगत दस वर्षको बजेट लगानी हेर्दा वार्षिक लगभग ३ प्रतिशत हाराहारी मात्र हुन आउँछ ।

आर्थिक वर्ष २०८०/२०८१ मा ५८ अर्ब ९८ करोड रुपैयाँ विनियोजन गरिएको थियो । यो २०७९/८० को भन्दा तीन अर्ब नौ करोड रुपैयाँ बढी हो । तर रासायनिक मलमा मात्र १५ अर्ब रुपैयाँ वृद्धि गरेर अन्य शीर्षकमा करिब १२ अर्ब घटाइएको थियो ।

२०८१/२०८२ को समग्र बजेट ६.२ प्रतिशतले वृद्धि गरिएको छ । यही वर्षलाई 'कृषिमा लगानी दशक' कार्यक्रमको पहिलो वर्ष घोषणा गरिएको छ । कृषि बजेट भने अघिल्लो वर्षकोभन्दा एक अर्ब ६९ करोड कम विनियोजन गरी ५७ अर्ब २९ करोड रुपैयाँ घोषणा गरिएको छ ।

यी तथ्यांक हेर्दा नीतिगत रूपमा कृषिलाई प्राथमिकता दिइए पनि बजेटमा प्राथमिकता दिएको पाइँदैन । राज्यको तर्फबाट अत्यन्त कम बजेट र निजी क्षेत्र पनि आकर्षित नहुने भएकाले कृषि विकासमा लगानीको समस्या प्रमुख देखिन्छ ।

**कृषि विकासका लागि प्रमुख रूपमा के गर्नुपर्छ ?**

वर्तमान अवस्थामा कृषि योग्य भूमि २१ प्रतिशत छ । आधिकारिक तथ्यांकअनुसार करिब ७ प्रतिशतमा खेती गरिएको छैन । खेती गरिएको भनिएको क्षेत्रफलमा पनि विगत केही वर्षदेखि बाली नै नलगाउने तथा एक बाली मात्र लगाउने जमिन बढ्दै गइरहेको छ । अर्कोतर्फ, राज्यको गलत नीति र संरक्षण कमीले कृषि व्यवसायीहरूका निम्ति व्यवसाय गर्ने जग्गा अभाव भएको छ । यो परिस्थितिमा भूमि बैंक व्यवस्थापन तथा कार्यान्वयन गरी व्यावसायिक कृषिलाई संरक्षण गर्नु आवश्यक छ ।

परम्परागत रूपमा जुन ठाउँमा जे बाली लगाइएको छ, त्यसलाई थप अनुसन्धान गर्दै 'एक स्थान एक बाली' अवधारणामा कृषि उत्पादन गर्न आवश्यक गुणस्तरीय बीउ, मलखाद व्यवस्थापन, सिँचाइ र उपयुक्त प्रविधि प्रयोग गर्दै सामूहिक बिक्री-वितरणको व्यवस्था मिलाउनुपर्छ ।

धान गहुँ, मकै, कोदो र आलु जस्ता नेपालका प्रमुख खाद्यान्न बालीको उत्पादकत्व हाल अत्यन्त कम छ । त्यसैले कम्तीमा प्रतिहेक्टर अहिलेको उत्पादनको दोब्बर उत्पादकत्व हुने गरी लक्ष्य निर्धारण गरिनुपर्छ। आवश्यक उत्पादनका सामग्री, प्रविधि र यन्त्रको सहज र सरल व्यवस्थापन गर्नुपर्छ ।

प्रत्येक वर्ष माटोको उर्वराशक्ति घटिरहेको अवस्थामा रासायनिक र प्रांगारिक मल सँगसँगै अनिवार्य लगाउने व्यवस्था गरिनुपर्छ। साथै, रासायनिक मलमा दिइने अनुदानको कम्तीमा २० प्रतिशत प्रांगारिक वा कम्पोस्ट मलमा व्यवस्थापन गर्नुपर्छ । प्रमुख खाद्यान्न बालीको न्यूनतम समर्थन मूल्य बाली लगाउनुअगावै घोषणा गरेर कार्यान्वयनमा ल्याउनुपर्छ । समर्थन मूल्यमा पनि बिक्री हुन नसकेको अवस्थामा राज्यले किनेर भण्डारण गर्ने वा अन्यत्र बेच्ने व्यवस्था गर्नुपर्छ । कृषिमा लगानी गरेमा कम्तीमा पनि उत्पादन लागत प्राप्त हुन्छ भन्ने विश्वास आमकिसान र कृषि व्यवसायीलाई दिलाउनुपर्ने हुन्छ ।

प्रत्येक पालिकाले आफ्नो प्रमुख एक वा दुई कृषि उत्पादनलाई पाँचवर्षे लक्ष्यका साथ उत्पादन र उत्पादकत्व वृद्धि गर्दै ब्रान्डिङ तथा बिक्री-वितरण गर्ने योजना बनाउनुपर्छ । कृषि उत्पादन हुने प्रत्येक पालिकाहरूमा कम्तीमा एउटा शीत भण्डार र खाद्यान्न जम्मा गरेर राख्ने व्यवस्थित भण्डारणका साथै कृषि बजारको व्यवस्था गर्नुपर्छ ।

कृषिजन्य कच्चा पदार्थका साथै कृषि व्यवसायलाई नभइ नहुने यन्त्र, उपकरण, औषधी जस्ता वस्तुमा लगाइएको कृषि सुधार शुल्कलगायत अन्य कर र हाल लगाउने निर्णय गरिएको अग्रिम कर तथा अन्य शुल्क पूर्ण रूपमा हटाउनुपर्छ ।

नेपालको कृषि क्षेत्र छिमेकी मुलुकसँग प्रतिस्पर्धी नभइन्जेल कृषिजन्य वस्तु आयात निरूत्साहित गरिनुपर्छ । अनिवार्य रूपमा प्रयोगशालामा परीक्षण भएपछि मात्रै कच्चा पदार्थभन्दा दुई तहमाथिको भन्सार शुल्कका साथ आयात गर्ने व्यवस्था गर्नुपर्छ ।

कृषि अध्ययन तथा अनुसन्धानमा नेपालका कृषक तथा कृषि व्यवसायीले भोग्नुपरेका प्रमुख समस्या प्राथमिकतामा राखी अध्ययन तथा अनुसन्धान गर्नुपर्छ । अनुसन्धानबाट प्राप्त नतिजा किसानसँग सहज र सरल किसिमले पुग्ने व्यवस्था गरिनुपर्छ ।

कृषिलाई उत्पादन र उत्पादकत्व वृद्धिका साथै बढीभन्दा बढी युवा जनशक्तिलाई रोजगारी दिन सक्ने क्षेत्र भनी नीतिगत रूपमा घोषणा गरिएको छ । तर हालसम्मको बजेटको अवस्था हेर्दा नारामा मात्रै सीमित पाइन्छ । नेपालको भौगोलिक अवस्थाअनुसार आवश्यक खाद्यान्न, तरकारी तथा फलफूल, दूध, मासु र अन्डा स्वदेशमै उत्पादन गरी आत्मनिर्भर हुने र उच्च गुणस्तरीय वस्तु निर्यात गर्ने ठूलो सम्भावना छ । राज्यका तर्फबाट गरिने लगानी, निजी क्षेत्रको पूर्ण सहभागिता र वैदेशिक प्रविधि तथा पुँजीको उचित व्यवस्थापनले मात्रै यो सम्भव हुन्छ ।

*सेतोपाटीबाट*

*(लेखक डा. तिलचन्द्र भट्टराई उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय सदस्य, उद्योग वाणिज्य संघ, चितवनका पूर्वअध्यक्ष हुन् ।)*

# यो साता कारोबारको अन्तिम दिन पनि नेप्से परिसूचक घट्यो



काठमाडौँ । पुँजीबजारमा पछिल्लो तीन दिनको कारोबारमा नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक लगातार घटेको छ । गत मङ्गलबार र बुधबार लगातार ओरालो देखिएको नेप्से परिसूचकले बिहीबार पनि निरन्तरता पाएको हो । यो साताको कारोबारको अन्तिम दिन नेप्से परिसूचक आठ दशमलव २४ अङ्कले घटेर दुई हजार ५१ दशमलव ९२ को विन्दुमा कायम भएको हो ।

तीन सय ३३ कम्पनीको ८९ लाख एक हजार एक सय ९५ कित्ता शेयर ५० हजार दुई सय ८१ पटक खरिदबिक्री हुँदा कारोबार रकम रु तीन अर्ब ७१ करोड ५९ लाख तीन हजार आठ सय २४ मा खुम्चिएको छ । आजको कारोबारपछि कुल बजार पुँजीकरण रु ३२ खर्ब ५३ अर्ब ७४ करोड ४७ लाख ७० हजार बराबर कायम भएको छ ।

बैंकिङ, म्युचुअल र अन्य समूहको उपसूचक सामान्य बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै वित्त समूह दुई दशमलव २३ र व्यापार समूह एक दशमलव ३९ प्रतिशतले घटेको छ । विकास बैंक शून्य दशमलव ४३, होटल तथा पर्यटन शून्य दशमलव ५१, जलविद्युत् शून्य दशमलव ४५, लगानी शून्य दशमलव २०, जीवन बीमा शून्य दशमलव ९९, उत्पादन तथा प्रशोधन एक दशमलव १७, लघुवित्त शून्य दशमलव ९५ र निर्जीवन समूह शून्य दशमलव ६६ प्रतिशतले घटेको छ ।

त्रिशुली जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै सात दशमलव ०९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल फाईनान्स लिमिटेडको रु २२ अर्ब ७६ करोड ४१ लाख आठ सय नौ बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको चार लाख दुई हजार चार सय ९९ कित्ता शेयर किनबेच भएको छ । रासस

# मनसुन सुरु भएपछि विपद्बाट ३३ जिल्ला प्रभावित, हालसम्म २८ जनाको मृत्यु

काठमाडौँ । मनसुन भित्रिएपछि गत जेठ २८ देखि यही असार १२ गतेसम्ममा विपद्बाट ३३ जिल्ला प्रभावित भएका छन् । गृह मन्त्रालयका अनुसार ताप्लेजुङ, पाँचथर, संखुवासभा, सिन्धुपाल्चोक, रसुवा, चितवन, लमजुङ, पर्वत, म्याग्दी, नवलपरासीपूर्व, गुल्मी दाङ, बाजुरा, कास्कीलगायत जिल्ला बढी प्रभावित भएका हुन् । यस अवधिमा कूल १४७ विपद्का घटना भएको र ती घटनाहरुमा परेर २८ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

जसमा बाढीबाट एक, पहिरोबाट १४ र चट्याङबाट १३ जनाको मृत्यु भएको मन्त्रालयले सार्वजनिक गरेको छ । पहिरोबाट यो बीचमा १४ जनाको मृत्यु र १२ जना घाइते भएका छन् । पहिरोका कारण २५ घर पूर्ण क्षति भएको छ । १० वटा घर आंशिक क्षति भएको छ । पहिरोबाट मात्रै अनुमानित ६९ लाखभन्दा बढीको आर्थिक क्षति भएको गृहमन्त्री रवि लामिछानेको सचिवालयले जानकारी गराएको छ । यस्तै मनसुनका समयमा बाढीबाट एक जनाको मृत्यु र दुई जना घाइते भएका छन् ।

**चट्याङबाट क्षति**

सो अवधिमा चट्याङबाट ६८ वटा घटना भएको र ती घटनामा परी १३ जनाको मृत्यु भएको छ । चट्याङबाट २४ जना घाइते भएका छन् भने १७ लाख बढीको आर्थिक क्षति भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईका अनुसार पछिल्लो विपदजन्य घटना ९असार ११ र १२ गते०को अवधिमामात्रै १८ जनाको मृत्यु भएको छ । जसमा नौजना चट्याङबाट र नौजना बाढीपहिरोमा परेर मृत्यु भएको उनले बताए । रासस



# भूक्षय रोक्न एक लाख ६० हजार बिरुवा निःशुल्क वितरण गरिँदै



मध्यविन्दु (नवलपरासी)। हरियाली प्रवर्द्धनका साथै भूक्षय नियन्त्रण गर्ने उद्देश्यले डिभिजन वन कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)ले २८ प्रजातिका एक लाख ६० हजारभन्दा बढी बिरुवा निःशुल्क वितरण गर्ने लक्ष्यका साथ सर्वसाधारणलाई बिरुवा बाँड्न सुरु गरेको छ । वन कार्यालयले कावासोती र गैँडाकोट गरी दुई वटा नर्सरीमा उत्पादित विभिन्न प्रजातिका बिरुवा वितरण थालेको हो । डिभिजन वन कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)को परिसरमा रहेको डिभिजन नर्सरी र गैँडाकोट सब डिभिजन कार्यालयको सब डिभिजन नर्सरीमा हुर्काइएका एक लाख ६० हजार बिरुवा वृक्षरोपणका निमित्त निःशुल्क वितरण थालिएको डिभिजन वन कार्यालयका प्रमुख वसन्त केशव अधिकारीले बताए ।

"नर्सरीमा बाँस, तेजपात, हर्रो, बर्रो, धूपी, कपुर, म्याडगोस्टिक, अशोक, शीतलचिनी, निम, रुख कटहर, अम्बा, टाँकी, बडहर, जामुन, कल्की, टिकुमा, टिक, किम्बु, बकाइनो, पिपल,, अमला, लप्सी, चिउरी, भटमास घाँसलगायतका बिरुवा रहेका छन् ।"-उनले भने ।

नर्सरीमा हुर्काइएका बिरुवा रोपणका निमित्त निःशुल्क वितरण थालिएको हो । कावासोती र गैँडाकोट गरी दुई वटा नर्सरीमा उत्पादित विभिन्न प्रजातिका बिरुवाको निःशुल्क वितरण थालेपछि बिरुवा लिन आउनेहरू बढेका छन् । विशेष गरी निजी जमिनमा बिरुवा माग गर्ने उपभोक्ताले सौन्दर्यजन्य धूपी, कल्की फूल, गोलमोहर, वीरेन्द्र फूल, कपुरजस्ता बिरुवा लैजाने गरेको प्रमुख अधिकारीले जानकारी दिए ।

" कावासोतीमा यस वर्ष एक लाख दश हजार र गत वर्षको १४ हजार गरी एक लाख २४ हजार बिरुवा तयार भएका छन्, बाँकी गैँडाकोटमा हुर्काइएको हो", उनले भने-"बहुवर्षीय रुखका बिरुवा, बहुवर्षीय डाले घाँसका बिरुवा, बहुवर्षीय फूलका बिरुवा, सुगन्धित, जडीबुटीजन्य बिरुवाका साथै भू-क्षय, कटान तथा पहिरो रोकथाम उपयोगी बाँस तथा अम्रिसो जातका बिरुवा तयार गरिएको छ ।"

वन कार्यालयको नर्सरीबाट बिरुवा उपलब्ध गराउन थालिएसँगै अहिले बिरुवा लिन आउनेहरू बढेका छन् । लामो समयको खडेरीपश्चात् भर्खर मनसुन सक्रिय भएकाले अब बिरुवा रोप्दा जोगाउन सजिलो हुने भएपछि बिरुवा लिन आउने बढेका हुन् ।

निजी, सार्वजनिक तथा संस्थागत सबैलाई निःशुल्क रूपमा बिरुवा उपलब्ध गराउँदा वातावरणीय सन्तुलन, वातावरणीय सौन्दर्यीकरण, भू-क्षय तथा कटान रोकथाम, पशुको आहारा घाँस परिपूर्तिमा टेवा पुग्ने वन विभागका अधिकारीहरू बताउँछन् ।

कार्यालयले बिरुवा वितरण खुला गरेसँगै यहाँका विद्यालयले पनि वृक्षरोपणमा चासो देखाएका छन् । गत वर्षदेखि जिल्लाभित्रै नर्सरीमा बिरुवा उत्पादन भएपछि अन्य जिल्लाबाट पनि यहाँ बिरुवा लिन आउने बढेका छन् ।

# सेनाद्वारा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन



जानकी (बाँके) । नेपाली सेनाले बाँकेमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । राँझास्थित श्री बज्रदल गणको आयोजनामा आज नरैनापुर गाउँपालिका-२ लक्ष्मनपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको हो ।

सैनिक अस्पताल नेपालगञ्ज, स्वास्थ्य कार्यालय बाँके, भेरी अस्पताल, नेपालगञ्ज आँखा अस्पताल, एचसिआरसी अस्पताल नेपालगञ्ज र शाही डेन्टल क्लिनिकको संयुक्त सहयोगमा सञ्चालित उक्त शिविरमा छ सय ७० जना बिरामीले स्वास्थ्य जाँच गराएका छन् ।

स्वास्थ्य जाँच गराउनेमा महिला, बालबालिका र ज्येष्ठ नागरिकको संख्या बढी भएको बज्रदलका गणपति प्रमुख सेनानी रविन श्रेष्ठले बताए । "यहाँ स्वास्थ्य जाँच गराउन आउनुभएकामध्ये धेरै जसो महिला, बालबालिकाज्येष्ठ नागरिक हुनुहुन्छ ।" उनले भने-"यो पालिका बाँकेको दुर्गम पालिकाअन्तर्गत पर्ने हुँदा यहाँका विपन्न नागरिकको अस्पतालमा प्रत्यक्ष पहुँच नहुने हुँदा हामीले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेका हौं ।" गणपति श्रेष्ठका अनुसार उक्त शिविरमा १६ जना विषेशज्ञसहितको टोलीले बिरामीलाई सेवा प्रदान गरेका थिए । शिविरमा नशा तथा हाड जोर्नी, स्त्री सम्बन्धी, छाला, बालरोग, दन्त रोग, नाक कान घाँटी, आँखा र न्यूरो लगायतका रोगहरूको जाँच गरिएको थियो ।

नरैनापुर गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद साहले पालिकाका सर्वसाधारणको स्वास्थ्यलाई ध्यानमा राखी निःशुल्क स्वास्थ्य शिविर गरेकोमा नेपाली सेनालाई धन्यवाद दिए । उनले उक्त शिविरबाट सहरका महँगा अस्पतालमा सेवा लिनबाट वञ्चित बिरामीले गाउँमै निःशुल्क स्वास्थ्य जाँच गराउन पाउँदा सेवा प्रभावकारी भएको जनाए ।

उक्त शिविरमा तीन सय ३८ महिला, दुई सय ८२ ज्येष्ठ नागरिक र ५० बालबालिकाले स्वास्थ्य जाँच गराएको गणपति श्रेष्ठले जानकारी दिए । श्री नं ४ बाहिनी अड्डा इमामनगर ब्यारेकका बाहिनीपति सहायकरथी रोशन शम्शेर राणाले शिविरमा प्रत्यक्ष सहयोग पुऱ्याउने विभिन्न अस्पतालका १६ जना विशेषज्ञ डाक्टरहरुलाई प्रसंशा पत्र प्रदान गरेका थिए । रासस

# घरमा शून्य सुत्केरी गाउँपालिका बन्यो बरेङ



बलेवा (बागलुङ) । जिल्लाको बरेङ गाउँपालिका घरमा सुत्केरी शून्य गाउँपालिका घोषणा भएको छ । बितेको एक वर्षमा कोही पनि गर्भवती घरमा सुत्केरी भएका छैनन् । घरमै सुत्केरी हुने परम्परा हटाउन पालिकाले सुरक्षित र भरपर्दो अवस्थामा सुत्केरी हुन स्वास्थ्य संस्थामै जानुपर्ने कार्यक्रम सञ्चालन गरेर घरमा सुत्केरी शून्य गाउँपालिका घोषणा गरिएको हो ।

बुधबार एक कार्यक्रमबीच गाउँपालिकाले घरमा सुत्केरी हुने र खोप नलगाएका बालबालिका नरहेको घोषणा गरेको हो । गाउँपालिकालाई घरमा शून्य सुत्केरी र पूर्ण खोप सुनिश्चितता एकै पटक घोषणा गरिएको अध्यक्ष कृष्णप्रसाद शर्माले बताए ।

परम्परागत रूपमा सुत्केरी हुँदा आमा र शिशु दुवै जोखिममा पर्ने हुँदा सुरक्षित र भरपर्दो अवस्थामा सुत्केरी हुन स्वास्थ्य संस्थामै जानुपर्ने कार्यक्रम सञ्चालन गरेपछि सुत्केरी हुनका लागि महिला 'बर्थिङ सेन्टर'मा पुग्ने गर्छन् । स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरलाई आधारभूत स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापनमा गाउँपालिकाले लगानी गरेको थियो ।

स्वास्थ्यकर्मी, जनप्रतिनिधि र महिला स्वयंसेविकाले अथक प्रयास गरेर गाउँपालिकालाई घरमा शून्य सुत्केरी पालिका बनाइएको अध्यक्ष शर्माले बताए । घरमै सुत्केरी हुँदा हुने जोखिम र नवजात शिशुमा पर्ने असरबारे महिला जानकार बनेपछि स्वास्थ्यचौकीमा पुग्न थालेका छन् । सो क्षेत्रमा सबै महिलाले नियमित जाँच गर्ने र स्वास्थ्य संस्थामा गएर प्रसूति सेवा लिने गरेको उनले बताए । जसबाट मातृशिशु मृत्युदर शून्यमा झरेको छ ।

गाउँपालिकाका गर्भवतीलाई स्वास्थ्यकर्मीले मासिक रुपमा घरमै पुगेर परीक्षण गर्ने र आफ्नै वडाका बर्थिङ सेन्टरमा सुत्केरी गराउने गरेका थिए। स्वास्थ्यचौकीमा सुत्केरी गराउन समस्या रहेकालाई अस्पतालमा पठाउने गरिएको थियो ।

चालु वर्षमा पालिकाका एक सय ३२ सुत्केरी भएका छन् । जसमध्ये ६९ जना बर्थिङ सेन्टरमा र ६३ जना अन्यत्र अस्पतालमा सुत्केरी भएका पालिकाका स्वास्थ्य शाखा प्रमुख पदमबहादुर पुनले जानकारी दिए ।

गोरु पाल्ने किसानलाई नगद अनुदान

यसैबीच, जिल्लाको जैमिनी नगरपालिकाले चालु आर्थिक वर्षमा गोरु पाल्ने तीस जना किसानलाई प्रोत्साहनस्वरूप रु दश हजारका दरले अनुदान प्रदान गरेको छ ।

जैमिनी गाउँपालिकाको सिको गर्दै आगामी आवको नीति तथा कार्यक्रम र बजेटमा यहाँका तीन स्थानीय तहले गोरुका लागि बजेट छुट्याएका छन् । काठेखोला पालिकाले पनि गोरुका लागि बजेट विनियोजन गरेको छ । "गोरु पाल्न छोडेपछि घाँसको खपत घटेको छ, गोबर मलको अभाव हुन थालेको छ, त्यसैले हामीले गोरु पाल्नका लागि प्रोत्साहन गर्न थालेका हौँ ।" -काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले भने । गोरु पाल्ने किसानलाई प्रोत्साहन गर्दा परम्परागत बाली संरक्षणमा टेवा पुग्ने उनको तर्क छ । रासस

## बिगतका...

**साउन १८ र १९ मौका परीक्षा**

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) को ग्रेड वृद्धि (मौका) परीक्षा यही साउन १८ र १९ मा सञ्चालन गर्ने भएको छ। बोर्डले बिहीबार एसईई परीक्षाको नतिजा सार्वजनिक गरेको थियो । नतिजाअनुसार २ लाख ४२ हजार ३१३ विद्यार्थी ननग्रेडेड भएका थिए ।

त्यसमध्ये दुई विषयमा ननग्रेडेड आएका १ लाख १५ हजार ८३४ विद्यार्थीले मौका परीक्षा दिन पाउने भएका छन् । सैद्धान्तिकतर्फ ३५ प्रतिशत र आन्तरिक मूल्याङ्कनतर्फ कम्तिमा ४० प्रतिशत ल्याउने विद्यार्थी ग्रेडेडमा परेको परीक्षा बोर्डले जानकारी दिएको छ। नतिजामा चित्त नबुझाउने विद्यार्थीले १५ दिनभित्र पुनर्योग गराउन सक्ने र त्यसको प्रक्रिया अनलाइन माध्यमबाटै अघि बढाउन सकिने व्यवस्था गरिएको जानकारी दिइएको छ।

**यस्तो हो लेटर ग्रेडिङ**

नयाँ पाठ्यक्रमअनुसार पहिलो पटक एसईई परीक्षा दिएका विद्यार्थीको लेटर ग्रेडिङ निर्देशिका-२०७८ को व्यवस्थाअनुसार नतिजा प्रकाशन गरिएको बोर्डले जनाएको छ । उक्त व्यवस्थाअनुसार विद्यार्थीले प्रत्येक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्नेछ। हरेक विषयमा ७५ पूर्णाङ्कको लिखित परीक्षा सञ्चालन भएकाले न्यूनतम २७ अंक ल्याउनै पर्छ। उक्त अंक अर्थात् १.६ जीपीएभन्दा कम अंक ल्याउने विद्यार्थी ननग्रेडिङ (एनजी) मा पर्नेछन्। उनीहरूलाई बोर्डले ग्रेडसिटसमेत उपलब्ध गराउने छैन ।

निर्देशिकामा दुई विषयसम्म एनजी आउने विद्यार्थीले बोर्डले तत्कालै मिति तोकेर लिने ग्रेडवृद्धि परीक्षामा सहभागी हुन पाउनेछन् । जुन विषयमा एनजी भएको हो सोही विषयमा मात्र परीक्षा दिए हुन्छ। दुई विषयभन्दा बढीमा एनजी आए अर्को वर्ष सम्बन्धित विषयको मात्र परीक्षा दिन पाइने व्यवस्था निर्देशिकामा गरिएको छ। यस्ता विद्यार्थीले ३ वर्षसम्म वार्षिक परीक्षामा सहभागी हुन पाउनेछन् । उक्त पद्धतिअनुसार गत वर्षदेखि नै कक्षा १२ को नतिजा सार्वजनिक हुँदै आएको छ। ग्रेडिङमा परेका विद्यार्थी मात्रै माथिल्लो कक्षामा भर्ना र पठनपाठन गर्न योग्य ठहरिन्छन्। यसअघि सैद्धान्तिक र प्रयोगात्मकतर्फको प्राप्तांक जोडेर ३५ अंक ल्याए पनि विद्यार्थी ग्रेडसिट प्राप्त गर्थे। अबदेखि सैद्धान्तिक र प्रयोगात्मकको छुट्टाछुट्टै ग्रेडिङ हुने व्यवस्था गरिएको हो। नयाँ पाठ्यक्रमले गणितसहितका प्रत्येक विषयमा २५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षा हुने र बाँकी ७५ पूर्णाङ्कको सैद्धान्तिक परीक्षा हुने व्यवस्था गरेको हो। प्रयोगात्मक परीक्षा विद्यालयले नै सञ्चालन गरेर प्राप्तांक बोर्डमा पठाउँछ । बोर्डले अंकलाई ग्रेडमा रूपान्तरण गरेर नतिजा सार्वजनिक गरेको हो ।

जागृती बहुउदेश्यीय सहकारी संस्था लिमिटेड
बुटवल-९, रुपन्देहीको

## धितोमा रहेको सम्पत्ति डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारे ७ दिने सार्वजनिक सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१।०१।१७ गते लुम्बिनी दैनिक राष्ट्रिय पत्रीका)
दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०३/१४ गते

यस संस्थाबाट ऋण लिनु भएका तपसिलका सदस्यले ऋण लिदाको शर्त तथा भाखा बमोजिम तिर्नुपर्ने साँवा, व्याज र हर्जाना समयमा नतिरी पटक पटक मौखिक तथा लिखित ताकेतागर्दा, ३५ दिने कर्जा तिर्न आउने सार्वजनिक सूचना प्रकाशन गर्दा तथा प्रथम पटक धितो लिलामको सूचना प्रकाशन गर्दा समेत सम्पर्कमा नआउनु भएकोले तथा डाँक बढाबढमा समेत पर्याप्त रकम नपरेकोले अन्तिम मौका स्वरुप दोस्रो पटक कर्जा तिर्न बुझाउन आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कर्जाको सावां, व्याज तथा अन्य रकम समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनु हुन सम्बन्धित ऋणी र धितो जमानीदिने व्यक्ति तथा व्यक्तिगत जमानीकर्ताहरुलाई समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ। उल्लेखित ७ दिनभित्र कर्जा भुक्तान नभएमा ८ औ दिन वा निम्न मितिमा सहकारी ऐन, २०७४ को दफा ७९, सहकारी नियामवली २०७५ को नियम ३०, लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ को दफा ६४, ६५ लुम्बिनी प्रदेश सहकारी नियामवली २०७६ को नियम २३ र संस्थाको विनियम तथा कर्जा ब्यवस्थापन कार्यविधि बमोजिम साँवा, व्याज र हर्जाना एवं बाँकी बक्यौता रकम असुलीको लागी यस संस्थाको नाममा धितो रोक्का रहेको तपसिलमा उल्लेखित सवारी साधन जे जस्तो अवस्थामा छ सोही अवस्थामा यस संस्थाको कार्यालय बुटवल उप-महानगरपालिका ९, मिलनचोक रुपन्देहीमा सार्वजनिक डाँक बढाबढद्धारा लिलाम बिक्री गरिने हुंदा लिलाममा डाँक बढाबढ गरिलिन ईच्छुक महानुभावहरु लगायत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सुरक्षणमा रहेको चल र अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि सहकारीको सम्पूर्ण लेना असूलउपर नभएमा वा प्रचलित सहकारी ऐन, नियम, यस सस्थाको कर्जा असुली कार्यविधि तथा अन्य प्रचलित नियम कानुन अनुसार ऋणी वा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चलअचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौताकर्जा रकम असुल उपरका लागी कानून बमोजिम कार्वाहीगरिने, कर्जा सूचना केन्द्रको कालो सूचिमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**तपसिल**

| ऋणीको नाम, थर र वतन | व्यक्तिगत जमानीको नाम, थर र वतन | लिलाम गरिने सवारिको विवरण |
|---|---|---|
| पूरन बहादुर के.सी<br>ना.प्र.नं.३६२०२९/१६<br>नवलपरासी २०६३/०२/०८<br>वाबुः धन बहादुर के.सी. (क्षेत्री)<br>बाजेः लंक बहादुर खत्री<br>सदस्यता नंः ००१००२२२३<br>ठेगानाः बुटवल-११, रुपन्देही | जमानीको नाम : गोमा भट्टराई<br>ना.प्र.नं.४२३०४२/३५९ स्याङ्गजा<br>२०६३/११/१४<br>बाबुः अग्निधर न्यौपाने<br>बाजेः शसिधर न्यौपाने<br>ठेगानाः देवदह-७, रुपन्देही | मोडेलःFord Freestyle 1.2L Ptl Titanium<br>इन्जिन नःMU82253<br>च्यासीस नःMAJGXXMTKGMU82253<br>बनेको सालः २०२१<br>हर्ष पावरः ११९४ सी.सी |

लिलाम बढाबढ हुने मिति : २०८१ असार २१ गते
स्थानः सहकारीको कार्यालय, बुटवल ९, मिलनचोक समयः ११ वजे

**लिलामीका शर्तहरुः**

१. लिलामीमा अन्तिम पटक सबैभन्दा बढी बोलकवोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा सहकारीको बैंक खातामा जम्मा गरी भौचर सक्कल अर्धकट्टी रसिद पेश गर्नु पर्नेछ।
२. डाँक बढाबढ सहकारीको केन्द्रिय कार्यालयमा बुटवल-९ मा हुनेछ। तोकिएको दिन डाँक बढाबढ मार्फत लिलामी कार्य सम्पन्न हुन नसकेमा वा विदा परेमा सोको लगत्तै सहकारी खुलेको दिन लिलामी कार्य हुनेछ।
३. लिलामीमा चढेको धितो सम्पत्तिको सम्बन्धमा आवश्यक जानकारी लिन चाहने ब्यक्तिले कार्यालय समय भित्र सहकारीमा सम्पर्क राखी जानकारी लिन सक्नु हुनेछ।
४. सहकारीले सम्बन्धित ब्यक्तिले कबुल गरेको रकममा सम्पत्ति दिने निर्णय गरेमा सोको सूचना प्राप्त गरेको १५ दिनभित्र आफूले कबोल गरेको रकम मध्ये बाकी ९० प्रतिशत रकम दाखिला गर्नु पर्नेछ। तोकिएको समयमा रकम दाखिला नगरेमा धरौटी वापत रहेको रकम स्वतः जफत हुनेछ।
५. लिलामको डाँक सदर र बदर गर्नु अगावै ऋणीले सहकारीलाई भुक्तानी गर्नु पर्ने रकम बुझाएमा वा अदालत वा अन्य अख्तियार प्राप्त निकायवात लिलाम रोक्का गर्ने आदेश प्राप्त भएमा लिलामी कारवाही रोकी धरौटी फिर्तादिन सकिनेछ।
६. लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन।
७. डाँक बढाबढ गर्दा सबैभन्दा बढी कवोल गर्ने व्यक्तिलाई सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित रहनेछ। दाखिल खारेज गर्दा लाग्ने सम्पुर्ण खर्च लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ।

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
बुटवल, रुपन्देही

## हाटबजार संचालन तथा ब्यवस्थापनको ठेक्का सम्झौता गर्न उपस्थित हुने सम्बन्धी सूचना

मितिः २०८१।०३।१४

**श्री रिदम कन्स्ट्रक्सन**
**धनगढी २, कैलाली**

त्यस कन्स्ट्रक्सनले पेश गरेको बुटवल उपमहानगरपालिका वडा नं. ५ स्थित अमरपथ हाटबजार संचालन तथा ब्यवस्थापन सम्बन्धी बोलपत्र स्वीकृत भई ठेक्का सम्झौताका लागि मिति २०८१।०२।३१ गते ७ दिनको म्याद दिई पत्राचार गरिए पश्चात पुनः थप गरिएको ७ दिनको म्याद गुज्रिएको र पटक पटक विभिन्न माध्यमबाट सम्पर्क गर्दा समेत सम्पर्कमा नआएकोले अन्तिम पटक ३ दिनको म्याद थप गरिएको हुंदा मिति २०८१।०३।१६ गते भित्र ठेक्का सम्झौता गर्न आउन जानकारी गराईन्छ। अन्यथा प्रचलित कानून बमोजिम हुने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**देहाय**

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क नं. | कबोल गरेको अंक (भ्याट सहित) | संलग्न धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | रिदम कन्ट्रक्सन | धनगढी २, कैलाली | ९८५७०४४९९८ | १,५७,३९,९९९.९९ | ८,७५,०००.०० |

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

बुटवल सुनचाँदी व्यवसायी संघ
बुटवल, रुपन्देही
मितिः २०८१/०३/१३ को
सुनचाँदीको बजारभाउ
छापा सुन प्रति तोला : १,४२,१००
तेजावी सुन प्रति तोला : १,४१,४००
चांदी प्रति तोला :१,८२०

## विमालेख हराएको सूचना !

मेरो निम्न व्यहोरा भएको लाइफ इन्सोरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८१/०१/ १६ गते रुपन्देहीको बुटवलदेखि तिलोत्तमा जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन वा मेरो निम्न मोबाइल नम्बर वा ठेगानामा सम्पर्क गरिदिनु हुन विन्रम अनुरोध गर्दछु।

**नामः**- सफल तिवारी
**ठेगानाः**- बर्दघाट न.पा. १२, जमुनिया
**बिमालेख नं.**:- १५००५४३७३
**मो.नं.**:- ९८४३५७०८६७

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**रासायनिक मलः**
दाङको घोराही उप-महानगरपालिका-११ स्थित बन्धु एकता सहकारी संस्था लिमिटेडले आफ्ना सदस्यहरुका लागि कृषि सामग्री कम्पनी लिमिटेड दाङबाट रासायनिक मल लैजाँदै। तस्विर : कुलदीप न्यौपाने / रासस

# रोटरी क्लब अफ बुटवलको धन्यवाद ज्ञापन कार्यक्रम



बुटवल। रोटरी क्लब अफ बुटवलको धन्यवाद ज्ञापन कार्यक्रम बिहीबार बुटवलमा सम्पन्न भएको छ। क्लबका अध्यक्ष करुण खनालले आफूले नेतृत्व गरेको वर्ष २०२३/२४ को कार्यकाल सकिन लागेको अवसर पारेर धन्यवाद ज्ञापन कार्यक्रमको आयोजना गरेका हुन्। अध्यक्ष खनालको कार्यकाल जुन ३० बाट सकिँदै छ।

कार्यक्रमको उद्घाटन गर्दै नेपाल मानव धर्मसेवा समितिका अध्यक्ष रामजी अधिकारीले रोटरीले स्वार्थभन्दा माथि उठेर मानवसेवामा गरेको योगदानको प्रशंसा गरे। आजको मानिस खानाको भोको होइन, प्रेमको भोको रहेको भन्दै उनले प्रेमपूर्वक गरिएको काममा कहिल्यै स्वार्थ नहुने बताए।

अनाथहरुको सेवामा मानवसेवा आश्रमले काम गरिरहेको र देशभरका अनाथहरुको अभिभावकत्व ग्रहण गरिरहेको भन्दै अध्यक्ष अधिकारीले असहायहरुको लागि समेत रोटरी जस्ता सामाजिक संस्थाहरु अभिभावक बन्न सक्नुपर्नेमा जोड दिए।

मान्छेमा हुनु पर्ने मुख्य गुण मानवता भएको र मानवीय गुणले भरिपूर्ण मान्छे सधैँ सुन्दर देखिन्ने उल्लेख गर्दै अधिकारीले रोटरीले समाजसेवामा खेलेको भूमिकालाई दीगो र निरन्तर कायम राख्नुपर्ने बताए।

रोटरी इन्टरनेशनल डिष्ट्रिक ३२९२ का एसिष्टेन्ट गभर्नर सुरज क्षेत्रीले क्लबले गरेका सामाजिक कार्यहरुले यसको प्रतिष्ठा सधैँ उचो हुने गरेको भन्दै सामाजिक काममा सबैलाई साथमा लिएर अगाडि बढे सफलता हासिल गर्न सकिने बताए। उनले रोटरी क्लब अफ बुटवलले यस वर्ष पनि उत्कृष्ट कामहरु गर्न सफल भएको बताए।

कार्यक्रममा क्लबका प्रेसिडेन्ट इलेक्ट प्रज्ज्वल थान्जु, निवर्तमान अध्यक्ष बोनिन पिया, क्लबका सचिव तारानाथ भट्टराईलगायतले पनि आ-आफ्नो धारणा राखेका थिए। त्यस अवसरमा क्लबका अध्यक्ष करुण खनालले आफ्नो कार्यकालमा सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै रोटरीको नेतृत्व आफ्ना लागि अविस्मरणीय बन्न पुगेको बताए। कार्यक्रममा क्लबका बोर्ड सदस्य र सहयोग गर्नेहरुलाई प्रशंसापत्रबाट सम्मान गरिएको थियो।

# अभिभावकविहीन बालबालिकालाई पढाउँदै 'प्यूठान नगरपालिका'



**राधिका भुसाल**
*प्यूठान*

प्यूठान नगरपालिकाले बालबालिकाको शिक्षा क्षेत्रमा नमूना अभ्यास थालेको छ। नगर क्षेत्र भित्रका अभिभावकविहीन बालबालिकालाई आवासीय संरक्षण तथा सुरक्षासहितको पठनपाठन व्यवस्था गर्दै अभिभावकत्व लिएको हो।

गत शैक्षिक सत्र २०८० देखि मुक्ति माध्यमिक विद्यालय रातामाटामा सम्पूर्ण खर्च बेहोर्ने गरी नगरपालिकाभित्रका २७ जना बालबालिकालाई विद्यालय भर्ना गरेको थियो। बालविकासदेखि कक्षा १२ सम्मको अध्ययनरत बालबालिकाले पठनपाठन गर्दै आएको शिक्षक कृष्ण घिमिरेले बताए। 'प्यूठान नगरपालिकाले यी बालबालिकाको खानपान, शैक्षिक सामग्री, आवास, लत्ताकपडा कपडा, विद्यालय पोशाकलगाएत सम्पूर्ण खर्च बेहोर्दै अभिभावकत्व लिएको छ। 'शिक्षक घिमिरेले भने-'यसलाई दीर्घकालीन रुपमै निरन्तरता दिनु पर्छ।' नगरपालिका भित्रका कुनै पनि बालबालिकाहरु शिक्षा क्षेत्रबाट वञ्चित हुनु हुँदैन स्थानीय सरकार भनेको जनताको सरकार हो प्रत्येक नागरिकलाई प्रत्याभूति हुने गरी काम गर्नुपर्ने हुन्छ।

त्यस्तै यी बालबालिकाहरुको रेखदेखमा खटिएका शिक्षक विष्णुकान्त मिश्रले ६ वर्षदेखि १८ वर्षसम्मका १० जना छात्र १७ छात्राले अध्ययन गर्दै आएका थिए, यसमध्ये २ जना छात्राले कक्षा १२ को परीक्षा दिएका छन्। बिहानको नास्ता, खाना, दिउँसो खाजा र विद्यालय छुट्टी भएपछि खाजा र बेलुका खाना गरी दैनिक ५ पटक खाना खुवाउने गरेको र उनीहरुको प्राथमिक उपचार समेत प्यूठान नगरपालिकाले गरेको शिक्षक मिश्रको भनाइ छ।

कक्षा ७ मा भर्ना भइ हाल कक्षा ८ मा अध्यनरत छात्रा रोशनी केसीले यदि घरमा भएको भए घाँस, दाउरा गर्न पर्ने हुँदा पढ्न नपाउने दुखेसो पोखिन। उनले भनिन्-'यहाँ सबैले जनाले केयर गर्नु हुन्छ, रामोसँग पढ्न पाएको छु। 'मेरो बहिनी पनि यही स्कुलमा कक्षा १ मा पढ्दै छिन्, हामीले कक्षा १२ सम्म यही विद्यालयमा पढ्ने हो। हामी जस्ता बालबालिकालाई शिक्षाको व्यवस्था मिलाएकोमा उनले प्यूठान नगरपालिकालाई धन्यवाद समेत दिइन।

अभिभावकविहीन बालबालिकाका लागि ऐन तथा कार्यविधि बनाएर सम्पूर्ण बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउनको लागि यो काम सुरु गरेको प्यूठान नगरपालिका नगरप्रमुख विष्णु योगीले बताए। 'कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहोऊन् भनेर हामीले अभिभावकविहीन बालबालिकाहरुलाई सहज रुपमा पठनपाठनको व्यवस्था मिलाएका छौँ,' नगर प्रमुख विष्णु योगीले भने-'हामीले थप व्यवस्थापन गर्दै यो कामलाई हामीले निरन्तरता दिने छौँ।'

# इस्मा गाउँपालिकाले प्राविधिक शिक्षा निःशुल्क पढाउने



गुल्मी। गुल्मीको इस्मा गाउँपालिकाले जीवराज आश्रित बहुप्राविधिक शिक्षालयमा विद्यार्थीलाई निःशुल्क रुपमा अध्यापन गराउने भएको छ। इस्माअन्तर्गत वडा नं. ५ मा रहेको जीवराज आश्रित बहुप्राविधिक शिक्षालयमा अध्ययनरत सबै विद्यार्थीको शुल्क गाउँपालिकाले बेहोर्ने निर्णय गरेको हो।

गाउँपालिका अध्यक्ष भगतसिंह खड्काका अनुसार सबै विद्यार्थीले निःशुल्क रुपमा अब प्राविधिक शिक्षा अध्ययन गर्न पाउने भएका छन्। गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा समेटेर सोही बमोजिम बजेट व्यवस्थापन गरी जीवराज आश्रित बहुप्राविधिक शिक्षालयमा अध्ययनरत सबै विद्यार्थीको शुल्क गाउँपालिकाले तिरिदिने उनले जानकारी दिए।

शिक्षालयमा तीन वर्षे सर्वेक्षक अध्ययन/अध्यापन हुने तर विद्यार्थीको खर्च बढी हुने हुँदा प्राविधिक शिक्षा पढ्न इच्छा भए पनि कतिपय विद्यार्थी पढ्नबाट वञ्चित हुनुपर्ने बाध्यता छ। उक्त समस्या अन्त्यका लागि आगामी आर्थिक वर्षदेखि निःशुल्क प्राविधिक शिक्षाको व्यवस्था गरिएको अध्यक्ष खड्काले बताए।

निःशुल्क प्राविधिक शिक्षाको व्यवस्था गरेपछि विद्यार्थीको आकर्षण बढ्ने र गाउँमै निःशुल्क तथा गुणस्तरीय प्राविधिक शिक्षाको सुनिश्चितता हुने विश्वास गाउँपालिकाले जनाएको छ। "प्राविधिक शिक्षा महँगो भएका कारण गरिबले पढ्न सक्दैनन् भन्ने बुझाइ छ। यस अवस्थामा सबैको समान पहुँच, गाउँमै गुणस्तरीय शिक्षा लिन सकिन्छ भन्ने उद्देश्यले निःशुल्क प्राविधिक शिक्षा दिने नीति लिएका छौँ।"-अध्यक्ष खड्काले भने। जीवराज आश्रित बहुप्राविधिक शिक्षालय तीन वर्षअघि स्थापना गरिएको हो।





हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र




"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com